आज मिति २०८०/१/६ गते आईतबारका दिन माडी गाउँपालिकाका अध्यक्ष श्री अमर सिंह घर्तीमगरको अध्यक्षता र तपसिलका सदस्यहरूको उपस्थितिमा गाउँ कार्यपालिकाको ३० औं बैठक बसी देहायका विषयहरू माथि छलफल गरी देहायका निर्णयहरू गरियो ।

उपस्थिति :

| क्र.स. | नाम / थर | पद | मोबाइल | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | श्री अमर सिंह घर्तीमगर | अध्यक्ष | ९८५७८२४७०६ | |
| २ | श्री जय पुरी घर्तीमगर | उपाध्यक्ष | ९८६८६०८०३० | |
| ३ | श्री रोहित सिंह घर्तीमगर | सदस्य | ९८४९३५४५७९ | |
| ४ | श्री ललित घर्तिमगर | सदस्य | ९८५७८२४१४८ | |
| ५ | श्री बल बहादुर बुढा | सदस्य | ९८४१८७९४४८ | |
| ६ | श्री रेग बहादुर मल्ल | सदस्य | ९७४८७२०७५६ | |
| ७ | श्री तेजेन्द्र बुढामगर | सदस्य | ९८५७८६०३४४ | |
| ८ | श्री खर्क बहादुर पुन | सदस्य | ९८५७८४२६७५ | |
| ९ | इन्द्र बहादुर सिटि महर | सदस्य | ९८०६२३९७४८ | |
| १० | ओसे कामी | सदस्य | ९८४४९०३९२० | |
| ११ | धनमाया घर्तिमगर | सदस्य | ९८६६५०४५७५ | |
| १२ | जय कुमारी कुमाकी | सदस्य | ९८६५५९४१५१ | |
| १३ | वरमाली कुमारी बुढा | सदस्य | ९८६८६७१४४० | |
| १४ | श्री युवराज परियार | सदस्य सचिव | ९८५७८२४६०१ | |

**आमन्त्रितः**

श्री पहलमान वली — अधिकृत, प्रशासन शाखा

श्री सुरज राना — लेखा अधिकृत

प्रस्तावहरु:

१) स्वास्थ्य चौकीका कर्मचारी हेरफेर सम्बन्धमा ।
२) स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।
३) तालाबाङ लिफ्टिङ खानेपानी मर्मत सम्बन्धमा ।
४) विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १,**

प्रस्ताव नं. १ माथी छलफल गर्दा घर्तीगाउँ स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.व महेन्द्र बुढालाई अर्को व्यवस्था नभएसम्मका लागि सामाजिक स्वास्थ्य इकाई माडी ५ चरिकोटमा कामकाजका लागि खटाउने र हाल चरिकोटमा कार्यरत अ.हे.व हरिप्रसाद घर्तीलाई सामूदायिक स्वास्थ्य इकाइ माडी २ व्याङ्खोलामा खटाउने निर्णय गरियो ।

**निर्णय नं. २,**

प्रस्ताव नं. १ माथी छलफल गर्दा घर्तीगाउँ स्वास्थ्यचौकीमा मिति २०८० वैशाख २३ गते गोर्खा अस्पताल घोराही दाङबाट विशेषज्ञ डाक्टर बोलाई निशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने साथै शीविरमा आउने विशेषज्ञ टोलीलाई खाना, नास्ता र आउने जाने खर्च गाउपालिकाले व्यहोर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३,**

प्रस्ताव नं. ३ माथी छलफल गर्दा विविध कारणले सामान्य क्षती भएको तालावाङ लिफ्ट खानेपानी योजना प्राविधिक रुपमा जाँचबुझ गरी त्यसको मर्मत संभार गर्ने र सो कार्यका लागि पालिकाले रकम सुनिश्चित गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथी छलफल गर्दा यस गाउँपालिका वडा नं. २ स्थित घर्तीगाउँमा मालपोत कार्यालय भवन अभावमा हालसम्म घर भाडामा लिई सञ्चालनमा रहेको र भवन निर्माणका लागि आवश्यक जग्गा उपलब्ध भएको साथै सोका लागि लागत अनुमान समेत तयार भईसकेको हुँदा उक्त स्थानमा मालपोत कार्यालय भवन निर्माणका लागि आवश्यक बजेट संघीय सरकारमा माग गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

युवराज परियार
प्रमुख प्रशासकीय अधिकृत

माडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घर्तिगाउँ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

अमर सिंह घर्तीमगर
गा.पा अध्यक्ष

Web site: www.madimunrolpa.gov.np E-mail: madimunrolpa@gmail.com Phone:086416036